*नगर कार्यपालिकावाट स्वीकृत मिति : २०७५।०३।१५*
*प्रमाणिकरण मिति : २०७५।०३।१५*

# छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका, २०७५

**प्रस्तावना :** लमही नगरपालिका क्षेत्रभित्रमा छाडा चौपायाहरुबाट कृषकहरुले लगाएका अन्नवाली वर्षेनी नष्ट भै रहने, यातायात अवरुद्ध भै दुर्घटना वढी रहनुका साथै बजार क्षेत्रमा दुर्गन्ध फैलिई वातावरण समेत प्रदुषित हुन गई जनस्वास्थ्यमै असर पर्न गएकाले छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ वमोजिम लमही नगरपालिका नगरकार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेदः- १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम **"छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका २०७५"** रहेको छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखी लागु हुनेछ ।

**२. परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले लमही नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले लमही नगरपालिका नगर कार्यापालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "छाडा चौपाया" भन्नाले बेवारिसे रुपमा नगर क्षेत्रमा छाडिएका चौपायाहरु गाई, गोरु, बाच्छा, बाच्छि, राङ्गा, भैसी, सुंगुर, वंगुर, वाखा वाखी, वोका लगायतका चौपायाहरुलाई सम्झनु पर्दछ ।

(च) "पालन क्षेत्र" भन्नाले मुल समितिले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पालनका लागि नगरपालिका क्षेत्रभित्र वा अन्य सम्वद्ध नगरपालिकाहरुसँग सहकार्य गरि चौहददी खोली छुट्याएको भू-भागलाई सम्झनु पर्दछ ।

(छ) "चरनक्षेत्र" भन्नाले छाडा चौपाया लगायतलाई व्यवस्थित रुपमा चरनका लागि नगरपालिका क्षेत्र भित्र वा अन्य सम्वद्ध नगरपालिकाहरुसँग सहकार्य गरि चौहददी खोली छुट्याएको क्षेत्रलाई सम्झनु पर्दछ ।

(ज) "सभा" भन्नाले नगरसभालाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) "उप-प्रमुख" भन्नाले नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिका कार्यालयको प्रमुख कार्यकारी अधिकृतलाई संझनु पर्दछ ।

(ठ) "वडा अध्यक्ष" भन्नाले नगरपालिकाका वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ड) "सचिव" भन्नाले छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिका सचिवलाई सम्झनु पर्दछ ।

(ढ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

(ण) "अनुगमन तथा समन्वय समिति" भन्नाले लमही नगरपालिकामा गठित छाडा चौपाया नियन्त्रणका लागि गठन भएको अनुगमन तथा समन्वय समितिलाई सम्झनु पर्दछ ।

(त) "नगरक्षेत्र" भन्नाले लमही नगरपालिका क्षेत्रलाई सम्झनु पर्दछ ।

(थ) "आवश्यक कार्यविधि" भन्नाले चौपाया पालन तथा व्यवस्थापन समितिलाई चाहिने आवश्यक कार्यविधि सम्झनु पर्दछ ।

## परिच्छेद-२

## छाडा चौपाया नियन्त्रण, अनुगमन तथा समन्वय समिति

३. छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| १) नगर उप प्रमुख | - संयोजक |
| २) कार्यपालिकाले तोकेका कार्यपालिकाका सदस्यहरु ४ जना | - सदस्य |
| ३) लमही नगरपालिका कृषि र वन शाखाका अधिकृत वा जेष्ठ कर्मचारी गरि २ जना | - सदस्य |
| ४) नगर प्रमुखले तोकेका चौपाया पालन तथा चरन क्षेत्रका वन उपभोक्ता समिति र अन्य क्षेत्रवाट गरि कम्तिमा १ जना महिला सहित ३ जना | - सदस्य |
| ५) लमही नगरपालिकाका पशुपंक्षी शाखा प्रमुख | -सदस्य सचिव |

यस समितिले आवश्यकता अनुसार नगरपालिकाका पदाधिकारी तथा कर्मचारी र अन्य संघ संस्थालाई आमन्त्रित गर्न सक्नेछ ।

## परिच्छेद-३

## छाडा चौपाया नियन्त्रण, अनुगमन तथा समन्वय समितिका काम कर्तव्य र अधिकार

४. छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) समन्वय समितिले पालन क्षेत्र निर्धारण गर्ने, आवश्यक मापदण्ड तयार गर्ने, साझेदारी खोजी र व्यवस्थापनका लागि अन्य निकायहरुसँग सहकार्य गर्ने,छाडा चौपाया व्यवस्थापनका लागि आवश्यक अध्ययन तथा नयाँ विधिको खोजी र निर्देशनात्मक कार्यहरु गर्नेछ :

(क) नगर क्षेत्र भित्र छोडिएका छाडा चौपायाहरुलाई नगरपालिका क्षेत्रभित्र वा सम्वद्ध नगरपालिकाहरु सँग सहकार्य गरि पालन तथा चरन क्षेत्र भनी चौहददी खोली निश्चित क्षेत्र निर्धारण गर्ने,

(ख) नगरपालिकाका क्षेत्र भित्र पालेका घरपालुवा र छाडा चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरी अध्यावधिक गर्न वडा समितिहरुलाई आवश्यक निर्देशन जारी गर्ने,

(ग) संकलित तथ्याङ्क (लगत) अनुसार घरपालुवा जनावरको दर्ता र पहिचानका लागि ट्याग (निश्चित पहिचान चिन्ह) लगाउने कार्यको व्यवस्थापन गर्ने गराउने,

(घ) समय-समयमा छाडा चौपाया पालन तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले छाडा चौपाया पालनका लागि आवशयक पर्ने लागत, पूर्वाधार लगायत अन्य आवश्यक मापदण्ड वनाई तोक्नेछ, साथै साझेदारीका लागि पनि सोही मापदण्ड लागु हुनेछ ।

## परिच्छेद-४

## बैठक सम्वन्धी व्यवस्था

५. छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिको वैठक देहाय बमोजिम हुनेछ ।

(क) छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिको वैठक आवश्यकता अनुसार संयोजकको निर्देशनमा सदस्य सचिवले वोलाउनु पर्नेछ ।

(ख) वैठकको अध्यक्षता संयोजकले र संयोजकको अनुपस्थितिमा समितिका जेष्ठ सदस्यले गर्नेछ ।

(ग) वैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ । गणपुरक संख्या नपुगेमा दोस्रो पटक वोलाइएको वैठकको गणपुरक संख्या २५ प्रतिशत हुनेछ ।

(घ) वैठकमा बहुमतका आधारबाट निर्णय पारित गरिनेछ । मत वरावर भएमा अध्यक्षता गर्नेको मत निर्णायक हुनेछ ।

(ङ) वैठकबाट पारित निर्णयहरुको अभिलेखिकरण सदस्य सचिवले गरि संयोजकबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

## परिच्छेद-५

## वडा समितिको काम कर्तव्य र अधिकार

६. वडा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । नगर भित्रका पशु चौपायाहरुको पालन पोषण तथा व्यवस्थापन गर्ने दायित्व सम्बन्धित पशु चौपाया धनीको हुनेछ ।

(क) आ-आफ्नो वडामा पशुचौपाया छाडा छोड्न नियन्त्रण गर्ने र छोडेको चौपायाहरुको व्यवस्थापन गर्नु प्रत्येक वडा समितिको मूख्य जिम्मेवारी हुनेछ ।

(ख) छाडा पशु चौपायाको व्यवस्थापन गर्न प्रत्येक वडा समितिले आ-आफ्नो वडामा गौशाला निर्माणका लागि सार्वजनीक तथा पर्ती जग्गा, सरकारी तथा सामुदायिक वन, खोला, नदी किनार/ तटिय क्षेत्र आदिको खोजविन गरि व्यवस्थापन गर्नु पर्नेछ । सो व्यवस्थापन कार्यका लागि स्थानीय सामुदायिक संस्था, क्लव, सहकारी, धार्मिक संस्थाहरु, सामुदायिक वन लगायतका संस्थाहरुलाई जिम्मेवार वनाउनु पर्नेछ ।

(ग) यस निर्देशिका बमोजिम गठित छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले समय-समयमा दिएको निर्देशनको परिपालना गर्नु वडा समितिको कर्तव्य हुनेछ ।

(घ) वडा समितिले आ-आफ्नो वडामा रहेका घरपालुवा चौपायाहरुको यथार्थ लगत अध्यावधिक, जन्म/मुत्यु दर्ता, खरिद विक्री तथ्यांक सहित अभिलेखिकरण गर्नुपर्नेछ । सो प्रयोजनकालागि चौपायाहरुको लगत संकलन गर्ने ब्यवस्था वडा स्वयंले गर्नु पर्नेछ ।

(ङ) अध्यावधिक भैसकेका चौपायाहरु एक वडाबाट अर्को वडा वा अन्यत्र विक्री वितरण वा स्थानान्तरण गर्दा अनिवार्य रुपमा वडा समितिबाट सिफारिस गराएर मात्रै गर्नुपर्नेछ ।

(च) वडा समितिले सिफारिस गर्दा सवै वडाहरुमा एक रुपता हुनेगरि न्युनतम सिफारिस दस्तुर निर्धारण गर्नेछ । यसरी संकलित रकम नगरपालिकाको राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

(छ) एक वडाबाट अर्को वडा वा ठाउँमा चौपाया विक्री वितरण वा स्थानान्तरण गर्नु पर्ने भएमा वा चौपायाको मृत्यु भएमा सम्वन्धित चौपाया धनीले वडा कार्यालयबाट सिफारिस तथा लगत कट्टी गराउनु पर्नेछ ।

(ज) एक वडाबाट अर्को वडा वा अन्यत्र चौपाया स्थानान्तरण भएको अभिलेखमा जनाई वडा समितिले सिफारिस गर्नु पर्नेछ । साथै अन्य वडा वा ठाउँबाट वडामा स्थानान्तरण भै आएका चौपायाहरुको लगत अध्यावधिक गरिराख्नु पर्नेछ ।

(झ) वडा समितिले आवश्यक ठानेमा छाडा पशुपालन तथा व्यवस्थापन समितिको गठन गरि छाडा चौपाया नियन्त्रण तथा पालनको व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद-६

## छाडा चौपायाको समुदाय स्तरमा पालन तथा व्यवस्थापन समिति गठन

७. छाडा चौपायाको पालन तथा ब्यवस्थापनका लागि वडा स्तरमा एक छाडा चौपाया पालन तथा ब्यवस्थापन समिति गठन हुनेछ :

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष वा निजले तोकेको एक जना वडा सदस्य | -संयोजक |
| (ख) | सम्बन्धित वडाका एकजना महिला सहित वडा सदस्य समेत गरि जम्मा २ जना | -सदस्य |
| (ग) | सामुदायिक वन उपभोक्ता समितिको प्रतिनिधि एक जना | -सदस्य |
| (घ) | चौपाया धनि मध्ये वडा अध्यक्षले मनोनित गरेको एक जना | -सदस्य |

८. समुदाय स्तरमा छाडा चौपाया व्यवस्थापन गर्नका लागि देहाय बमोजिम गर्नु गराउनु पर्नेछ :

(क) नगरपालिका क्षेत्र भित्रका छाडा चौपायाहरुलाई नियन्त्रणमा लिई नीजि साझेदारीमा व्यवस्थापन गर्नका लागि अनुगमन तथा समन्वय समितिले आवश्यक सुचना र साझेदारीको मापदण्ड वनाई स्थानीय सामुदायिक वन, धार्मिक संस्था, सहकारी, सामुदायिक संस्था, निजी संस्था वा गैर सरकारी संस्थासंग साझेदारी गर्नेछ ।

(ख) उपरोक्त ८ (क) अनुसार ब्यवस्थापन गर्न नसकिएमा वा नगरपालिका आफैले पूर्ण व्यवस्थापन गर्नु परेको खण्डमा वडा समितिहरुले वडामा रहेका सरकारी/पर्ति जग्गा, सरकारी वन, उपयोग गर्न मिल्ने सामुदायिक वन लगायतका

क्षेत्र पहिचान गरि स्थान तय गर्ने र वडा स्तरमा एक छाडा चौपाया पालन तथा व्यवस्थापन समिति गठन गरि आवश्यक लाग्ने खर्च मुल समितिवाट स्विकृति लिई व्यवस्थापन गर्नेछ ।

## परिच्छेद-७

## छाडा चौपाया पालन तथा व्यवस्थापन समितिका कार्यहरु

९. छाडा चौपाया पालन तथा व्यवस्थापन समितिले देहायका कार्यहरु गर्नेछ :

(क) नगर क्षेत्रभित्र बेवारिसे रुपमा छोडिएका चौपायाहरुलाई नियन्त्रणमा लिई एकिकृत तथा ढुवानी मार्फत दफा ४ (१)(क) वा दफा ८ (ख) बमोजिम पालन क्षेत्र भनि छुट्याएको क्षेत्रमा आवश्यक पर्ने घर, टहरा, गौशाला, पानी र घेरवारको व्यवस्था गर्नेछ ।

(ख) दफा ४(१)(क) बमोजिम चरन क्षेत्र भनि छुट्याएको क्षेत्रमा तारवार, घेरवार गरी पशु आहारका लागि चाहिने आवश्यक घाँस, डाले घाँस, रुख विरुवाहरु लगाई उपभोगको व्यवस्था गर्नेछ ।

(ग) चरन क्षेत्रमा चरन नभएको, नपुग हुने अवस्था र चरन नहुने मौसमका लागि सुख्खा तथा हरियो घाँस पराल खरिद गर्नु पर्ने भएमा सो पालन गर्ने संस्था/व्यक्तिले आवश्यक व्यवस्था गर्नेछ ।

(घ) छाडा चौपाया पालन तथा व्यवस्थापन समितिले छाडा चौपायाको ब्यवस्थापन गर्नका लागि चाहिने जनशक्तिको ब्यवस्था गर्न सक्नेछ । सो प्रयोजनको लागि नियुक्त ब्यक्तिले प्राप्त गर्ने सुविधा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । यसरी जनशक्ति ब्यवस्थापन गर्दा छाडा चौपाया नियन्त्रण, अनुगमन तथा ब्यवस्थापन समितिसँग स्विकृति लिई गर्नु पर्नेछ ।

(ङ) नगरपालिका आफैले व्यवस्थापन गर्नु पर्ने अवस्थामा वडा समितिवाट तोकी जिम्मेवारी पाएको सदस्यले सो छाडा पशु चौपायाहरुको रेखदेख र पालन गर्ने जनशक्तिलाई परिचालन गर्नु पर्नेछ ।

(च) नगरपालिका आफैले व्यवस्थापन गर्नु पर्ने अवस्थामा नगरपालिकामा जनशक्ति उपलव्ध भएको अवस्थामा सोही स्तरको उपलव्ध जनशक्तिलाई पनि उपयोग गर्न सक्नेछ ।

छ) पालन क्षेत्रमा पालिएका चौपायाहरु तथा चौपायाहरुबाट उत्पादित चिजवस्तु विक्री वितरण उक्त पशुचौपाया पालन गर्ने संस्था/व्यक्तिले गर्नेछ ।

ज) छाडा पशु चौपायाको व्यवस्थापन गर्न आवश्यक पर्ने गौशाला निर्माणका लागि सार्वजनीक तथा पर्ति जमिन, सरकारी वन तथा सामुदायिक वन, खोला नदी किनार/तटिय क्षेत्र आदि खोजी व्यवस्थापन गर्ने, सो हुन नसकेमा जमिन भाडामा लिई समेत व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद-८

## व्यवस्थापनका लागि आर्थिक व्यवस्था

९. पशु चौपाया व्यवस्थापनका लागि आर्थिक व्यवस्था र सो को परिचालन निम्न अनुसार हुनेछ ।

क) स्थानीय संस्था/व्यक्तिसंग साझेदारी गरि व्यवस्थापन हुने हकमा सम्झौता वमोजिम हुनेछ ।

ख) नगरपालिकाले आफ्नै व्यवस्थामा छाडा चौपाया व्यवस्थापन गर्नु पर्ने अवस्थामा नगरपालिकावाट रकम विनियोजीत भए वमोजिम तथा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ग) नगरपालिकाले आफ्नै व्यवस्थामा छाडा चौपाया व्यवस्थापन गर्नु पर्ने अवस्थामा छाडा पशुचौपाया पालन गरेको वडा कार्यालयमा वडाको खातामा निकासा दिई सो वडा समितिले संचालन गर्नेछ ।

## परिच्छेद-९

## दण्ड जरिवाना

१०. दण्ड जरिवाना

(क) अनधिकृत रुपमा कसैले पनि पशुचौपाया छोडी वा लापरवाही गरी खेतीपाती वा अन्य वालिनाली हानी नोक्सानी गर्न गराउन पाइने छैन । हानी नोक्सानी गरी गराएको ठहर भएमा क्षतिको एकिन गरि सम्वन्धित पशुधनीवाट वडा समितिले क्षतिपूर्ति भराई दिन पर्नेछ ।

(ख) चौपाया छोड्ने कार्यलाई नियन्त्रण गर्न पशुधनीहरुलाई आवश्यक कारवाही स्वरुप प्रत्येक पटक प्रति चौपाया रु.२०००। सम्म वडा समितिले दण्ड जरिवाना तोक्नेछ । साथै पटक पटक कारवाही गर्दा पनि अटेर गरेमा वा तोकेको जरीवाना नवुझाएमा नगरपालिकावाट पाउने सेवा सुविधा उपलव्ध गराउन नगरपालिका वाध्य हुने छैन ।

(ग) वेवारिसे प्रमाणित भएका चौपायाहरुको व्यवस्थापनको जिम्मा लिएको संस्था, व्यक्ति, समुह, समिति लगायतका संस्थाहरुले व्यवस्थित रुपमा पालन नगरी कुनै कारणले छाडा छोडि वा लापरवाहीले कसैको हानी नोक्सानी भएमा सम्वन्धित जिम्मा लिने पक्षवाट असुल उपर गरिनेछ ।

(घ) यस नगरपालिकासंग सिमामा जोडीएका वा अन्य क्षेत्रवाट कसैले पशु छोडेमा सम्वन्धित नगरपालिकासंग समन्वय गरि सम्वन्धित पशुधनीवाट असुल उपर गरिने छ ।

(ङ) नगरपालिका क्षेत्रभित्र कसैले छाडा चौपाया छोडेको जानकारी वडा कार्यालय वा नगरपालिकालाई दिएमा सूचकलाई सूचना बमोजिमको उठेको जरिवानाको २५ प्रतिशत रकम पुरस्कार स्वरुप उपलव्ध गराईनेछ ।

(च) यस निर्देशिकामा उल्लेख भएकोमा यसै बमोजिम र अन्यमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## विविध

११. निर्देशिका संसोधन सम्वन्धि व्यवस्था :- निर्देशिका संशोधन गर्नु पर्ने आवश्यक भएमा छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन समन्वय समितिले निर्णय गरि नगर कार्यापालिका समक्ष पेश गरेमा नगरकार्यापालिकाबाट आवश्यक संसोधन हुनेछ ।

१२. सुरक्षा व्यवस्था : छाडा पशुचौपाया पालन तथा व्यवस्थापन गर्ने संस्था/समिति/व्यक्तिले चौपाया पालनमा सुरक्षा व्यवस्थाको आवश्यकता महशुस गरेमा नगरपालिकाले चौपाया पालन क्षेत्र रहेको ठाउँको नजिकमा रहेको सुरक्षा निकायसँग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउन अनुरोध गर्नेछ ।